कर्णाली प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
# उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

सूचना प्रकाशन मितिः २०७९/०६/१३ गते

कर्णाली प्रदेशमा रहेका श्रोत साधन, कच्चापदार्थ, प्रविधि, सीप, जनशक्तिको परिचालन गराई लघु तथा घरेलु उद्योगहरुलाई प्रवर्द्धन गर्दै आय आर्जन र रोजगारी सिर्जनाको माध्यमबाट प्रदेश अर्थतन्त्रमा योगदान पुर्याउन छरिएर रहेका लघु, घरेलु उद्योगहरुलाई लघु औद्योगिक ग्राममा एकिकृत तथा व्यवस्थित गर्ने उद्देश्यका साथ कर्णाली प्रदेश सरकारले वीरेन्द्रनगर नगरपालिका वडा नं. ७, सुर्खेतमा निर्माण गरेको लघु औद्योगिक ग्राममा, लघु, घरेलु उद्योगहरु स्थापना गराई पूर्णरुपमा संचालन गराउनका लागि लघु औद्योगिक ग्राम सञ्चालन कार्यविधि, २०७९ बमोजिम गठन गरिएको, लघु औद्योगिक ग्राम संचालक समितिको मिति २०७९/०६/११ गतेको निर्णयानुसार, लघु औद्योगिक ग्राममा रहेका सटर कोठाहरु भाडामा उपलब्ध गराउनका लागि यो सूचना प्रकाशन गरिएको छ । इच्छुक व्यक्ति/फर्म/कम्पनी/सहकारीले, यो सूचना प्रकाशन भएको मितिले ३५ दिन भित्र तपशिल बमोजिमको कागजातहरु संलग्न राखि प्रस्ताव पेश गर्नुहुन सम्बन्धीत सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

अ. संलग्न गर्नुपर्ने कागजातहरुः

क. अनुसूची ८ बमोजिमको ढाँचामा प्रस्ताव ।
   १. प्रस्तावदाता व्यक्ति भए: नेपाली नागरिकताको प्रतिलिपी पेश गर्ने ।
   २. प्रस्तावदाता फर्म भए: नागरिकताको प्रतिलिपी, फर्म दर्ताको प्रमाण पत्र (नविकरण भएको), स्थायी लेखा प्रमाण पत्र तथा आ.व. २०७८/०७९ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी पेश गर्ने ।
   ३. प्रस्तावदाता कम्पनी/सहकारी भए: कम्पनी/सहकारी दर्ता प्रमाण पत्र (नविकरण भएको), स्थायी लेखा प्रमाण पत्र, प्रवन्धपत्र/विधान, आ.व. ०७८/०७९ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी, कम्पनी/सहकारीको निर्णय प्रतिलिपी पेश गर्ने । प्रस्तावित उद्योगको उद्देश्य कम्पनीको प्रवन्धपत्र/विधानमा स्पष्ट उल्लेख भएको हुनुपर्ने ।

ख. लघु औद्योगिक ग्राम भित्र उद्योग संचालन गर्ने स्थानको नक्सामा प्राथमिकताको आधारमा कम्तिमा १० वटा कोठाहरु छनौट गर्नुपर्नेछ ।

ग. उद्यमी लक्षित समुह भित्र पर्ने भए सो खुल्ने कागजात समेत संलग्न राख्नुपर्नेछ । कम्पनी वा सहकारी वा साझेदारी फर्म लक्षित समुह भित्र नपर्ने।

आ. प्रस्तावदाताले प्राप्त गर्ने सुबिधा, पालना गर्नुपर्ने न्यूनतम शर्त एंव अन्य जानकारीहरुः

क. एउटा उद्यमी वा उद्योगले एउटा मात्र कोठा भाडामा प्राप्त गर्नेछन् ।

ख. प्रस्तावदाता व्यक्ति वा कम्पनी भएको खण्डमा, छनौट एंव सम्झौता पश्चात प्रस्तावित उद्योग सञ्चालनको लागि दर्ता गर्नुपर्नेछ त्यसैगरी प्रस्तावदाता फर्म भएमा छनौट एंव सम्झौता पश्चात प्रस्तावित उद्योग लघु औद्योगिक ग्राम भित्र सञ्चालनको लागि स्थानान्तरण गर्नुपर्नेछ ।

ग. प्रस्तावदाता छनौट भएपश्चात सम्झौता पूर्व निजको लागि छनौट भएको कोठाको भाडादरले ६ महिना बराबरको रकम धरौटी वापत निर्देशनालयले तोकेको खातामा जम्मा गर्नुपर्नेछ । धरौटी सम्वन्धी अन्य व्यवस्था सञ्चालक समितिको मापदण्ड बमोजिम हुनेछ ।

घ. लघु औद्योगिक ग्राममा उपलब्ध कोठाको क्षेत्रफल एंव सोको भाडा दर देहाय बमोजिम हुनेछ ।

| सि.नं. | ब्लक | ब्लक नं. | कोठा संख्या | क्षेत्रफल वर्गफिट | प्रति कोठा प्रति महिना भाडा दर रु. |
|---|---|---|---|---|---|
| १ | A (ए) | १ | ५ | ५०९.३७ | ४८२० |
| २ | B (बि) | १ | ९ | ४५०.७० | ४२६५ |
| | | २ | ९ | ४५०.७० | ४२६५ |
| ३ | C (सि) | १ | ९ | ३९०.५८८ | ३६९५ |
| | | २ | ९ | ३९०.५८८ | ३६९५ |
| | | ३ | ९ | ३९०.५८८ | ३६९५ |
| ४ | D (डि) | १ | १२ | ४४२.५२ | ४१९० |

ङ. लघु औद्योगिक ग्रामको लागि विघूत लाइन निर्देशनालयले उपलब्ध गराउनेछ तर, उद्योगको लागि सव-मिटर जडान तथा आन्तरिक वायरिङ्ग उद्यमी स्वयम् ले गर्नुपर्नेछ । साथै खपत भएको मिटर यूनिट अनुसार विघूत महशूल मासिक रुपमा बुझाउनुपर्नेछ ।

च. यस सूचनामा उल्लेखित विषय वाहेक अन्य विषयमा निर्देशनालयले तोके बमोजिम हुनेछ ।

छ. प्रस्तावदाताले सिलवन्दी प्रस्ताव कार्यालय समय भित्र पेश गर्नुपर्नेछ। साथै प्रस्ताव पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्ट वा निर्देशनालय खुलेको कार्यालय समय भित्र प्रस्ताव पेश गर्न सकिनेछ।

ज. लघु औद्योगिक ग्रामका कोठाहरु भाडामा दिने प्रक्रिया आंशिक वा पूर्ण रुपले कारण जनाई वा नजनाई स्वीकृत गर्ने वा नगर्ने अधिकार निर्देशनालयलाई हुनेछ।

झ. लघु औद्योगिक ग्राममा उद्योग संचालन गर्नका लागि आवश्यक कोठाको क्षेत्रफल ग्रामले उपलब्ध गराउने क्षेत्रफल भन्दा बढी भएमा छनौट प्रकृयामा समावेश गरिनेछैन ।

ञ. अन्य जानकारीको लागि कार्यालय समय भित्र ग्राम इकाइमा सम्पर्क राख्न सकिनेछ । फोन सम्पर्कको लागि : कार्यालय ०८३-५२०१३४ र सम्पर्क व्यक्तिः ९८४८०३५४३४ ।

निर्देशक
नि. निर्देशक

कर्णाली प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
# उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

प.सं.:०७९/८०
च.नं.:१६००

मितिः २०७९/०६/१३

विषय : सूचना पठाईएको बारे ।

श्री उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय
९ जिल्ला सबै ।

प्रस्तुत विषयमा यस निर्देशनालय मातहतमा रहेको लघु औद्योगिक ग्राममा रहेका सटरकोठाहरु भाडामा दिनको लागि मिति २०७९/०६/१३ गते प्रकाशित सूचना (सुर्खेत पत्र दैनिक) यसै साथ संलग्न राखि पठाईएको छ । उक्त सूचना तत्काल तहाँ कार्यालयको सूचना पाँटीमा टाँस गर्ने, जिल्ला स्थीत सबै सरकारी कार्यालय तथा स्थानीय तहमा टाँसका लागि पत्राचार गरी सोको जानकारी यस निर्देशनालयमा पठाउनुहुन अनुरोध छ ।

............................
मुकुन्दनाथ योगी
नि.निर्देशक
नि. निर्देशक

पुनश्चः स्थानीय तहमा सूचना टाँसको पत्राचार गर्दा सम्बन्धीत स्थानीय तह अन्तरगतका वडा कार्यालयहरुमा समेत पत्राचार गरिदिन अनुरोध गर्नुहुन ।